# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. खतिवडा IFC गोष्ठी र RBI गभर्नरसँग छलफलमा

गभर्नर डा. युवराज खतिवडा विश्व बैंक समूहको International Finance Corporation-IFC ले २०७१ वैशाख ८-९ गते भारतको मुम्बईमा आयोजना गरेको Effective Payment Systems: Bringing the Pieces Together" विषयक दुई दिने कार्यशाला गोष्ठीमा भाग लिई आज स्वदेश फर्कनु भयो ।

उक्त गोष्ठीमा दक्षिण एशियाली मुलुकहरूका सहभागीहरूले नगदको सट्टा विद्युतीय उपकरणहरूको प्रयोग बढाउने, विप्रेषणलाई विद्युतीय माध्यमबाट कम लागत र भरपर्दो तरिकाले सेवाग्राही समक्ष पुऱ्याउने, विभिन्न प्रकारका विद्युतीय प्रणाली बीच समन्वय गरी भुक्तानी प्रणालीलाई एकबाट अर्को सेवा प्रदायक मार्फत कारोबार गर्न सकिने तुल्याउने जस्ता विषयमा छलफल तथा विचार विमर्श भएको थियो । त्यसैगरी गोष्ठीमा विद्युतीय भुक्तानी प्रणालीप्रतिको जनविश्वास अभिवृद्धि गर्ने, त्यसको लागत व्यवस्थित गर्ने र दक्षिण एशियामा साझा भुक्तानी तथा समाशोधन प्रणालीलाई विकास गर्ने विषयमा समेत छलफल भएको थियो ।

उक्त कार्यक्रममा गभर्नर डा. खतिवडाले Creating an Enabling Ecosystem for a Cashlite Economy विषयक Panel Discussion मा Panelist को रूपमा समेत भाग लिनु भएको थियो ।

त्यसैगरी, गभर्नर डा. खतिवडाले २०७१ वैशाख ९ गतेका दिन भारतीय रिजर्भ बैंकका गभर्नर डा. रघुराम राजनसँग भेटवार्ता गर्नु भएको थियो । भेटका क्रममा गभर्नर डा. खतिवडाले भारतसँग नेपालको व्यापार घाटा रहेको, सोको भुक्तानीको लागि भारतीय रुपैया खरिद गर्ने गरेको र नेपाल राष्ट्र बैंकको भारतीय रिजर्भ बैंकमा रहेको भारतीय रुपैयाको मौज्दातलाई भारतीय ट्रेजरी बिलमा लगानी गर्ने गरेको कुरा जानकारी गराउनु हुँदै आउँदा दिनहरूमा समेत यसमा निरन्तर सहयोग प्राप्त हुने अपेक्षा व्यक्त गर्नु भएको थियो ।

सो भेटवार्तामा भारतमा कार्यरत नेपालीहरूबाट नेपालमा बैंकिङ्ग प्रणाली मार्फत विप्रेषण पठाउने, दुवै देशको सीमा क्षेत्रमा बैंकिङ्ग सेवा विस्तार गर्ने, १००० र ५०० दरका भारतीय रुपैयाको सटही सुविधा प्रदान गर्ने विषयमा पनि छलफल भएको थियो । साथै, गभर्नर डा. खतिवडाले वित्तीय क्षेत्रमा क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोगका लागि दुवै केन्द्रीय बैंकले सहकार्य गर्नु पर्ने धारणा राख्नु भएको थियो ।

२०७१ वैशाख १० गते बुधबार

गभर्नरको कार्यालय